# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
## मितिः २६ नवम्बर २०२५
*समयः १८:५० - १९:०० बजे*

**मुख्य समाचार**

- केन्द्रीय मन्त्रिमण्डलले 7 हजार 2 सय 80 करोड रुपियाँ लागतको परिव्ययको साथ सिन्टर्ड रेयर अर्थ स्थायी चुम्बकहरूको बिनिर्माणलाई बढावा दिने योजनालाई अनुमोदन गरेको छ

- संविधान दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले भारत एक विकसित भारतको परिकल्पना तर्फ अघि बढिरहेको बताउनु भएको छ ।

- भारतीय विशिष्ट पहिचान प्राधिकरणले आधार डाटाबेसको निरन्तर सटीकता कायम राख्न राष्ट्रव्यापी अभियानको एक भागको रूपमा दुई करोड भन्दा अधिक मृतक व्यक्तिहरूको आधार नम्बर निष्क्रिय गरेको छ।

- दार्जिलिङका लोकसभा सांसद राजु विष्टले आज कालेबुंगमा राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड, राष्ट्रिय जलविद्युत ऊर्जा निगम,भारतीय रेलवे निर्माण अन्तर्राष्ट्रिय लिमिटेडका का अधिकारीहरूसँग समीक्षा बैठक गर्नुभएको छ ।

- पैह्रो पिडितहरुको घर निर्माणको राशी सूची सर्वजनिक गर्ने मांग गर्दै आज इन्डियन गोर्खा जनशक्ति फ्रन्ट को एक प्रतिनिधि टोलिले दार्जीलिंगका जिल्लापाल मनिष मिश्र सित भेट गरेको छ ।

**केंद्रीय मंत्रिमंडल योजना - मंजूरी**

केन्द्रीय मन्त्रिमण्डलले 7 हजार 2 सय 80 करोड रुपियाँ लागतको परिव्ययको साथ सिन्टर्ड रेयर अर्थ स्थायी चुम्बकहरूको बिनिर्माणलाई बढावा दिने योजनालाई अनुमोदन गरेको छ।यस प्रकारको पहिलो पहलको उद्देश्य देशमा प्रत्येक वर्ष छ हजार मेट्रिक टन एकीकृत दुर्लभ पृथ्वी स्थायी चुम्बक उत्पादन सुरु गर्नु हो। सूचना एवं प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्दै भन्नुभयो -, दुर्लभ पृथ्वी स्थायी चुम्बकहरू सबैभन्दा बलियो प्रकारका स्थायी चुम्बकहरू मध्ये एक हो र विद्युतीय वाहनहरू, नवीकरणीय ऊर्जा, इलेक्ट्रोनिक्स, एयरोस्पेस र रक्षा अनुप्रयोगहरूको लागि धेरै महत्त्वपूर्ण छ। यो योजनाले एकीकृत उत्पादन सुविधा सिर्जना गर्न सहयोग पुग्ने उहाँको भनाइ रहेको छ । यसमा दुर्लभ पृथ्वी अक्साइडलाई धातुमा, धातुलाई मिश्र धातुमा र मिश्र धातुलाई समाप्त दुर्लभ पृथ्वी स्थायी चुम्बकमा रूपान्तरण समावेश छ।

**प्रधानमंत्री नरेन्द्र मोदी - संविधान दिवस**

संविधान दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले नागरिकहरूलाई आफ्नो कर्तव्यलाई अग्रपङ्क्तिमा राख्न अनुरोध गर्नुभएको छ । उहाँले भारत एक विकसित भारतको परिकल्पनातर्फ अघि बढिरहेको बताउनु भयो । उहाँले राष्ट्रलाई सम्बोधन गर्दै लेख्नुभएको पत्रमा सन् १९४९ मा संविधानलाई ऐतिहासिक रूपमा अपनाएको विषय बारे प्रकाश पार्नुभयो । सन् २०१५ मा आधिकारिक रूपमा शुरु गरिएको संविधान दिवसले साधारण पृष्ठभूमिका नागरिकहरूलाई सेवा र नेतृत्वको पदमा पुग्न सशक्त बनाएको दस्तावेजप्रति श्रद्धाञ्जलिको रूपमा काम गरेको उल्लेख गर्नुभयो। उहाँले संविधानका निर्माताहरूलाई सम्मान गर्नुहुदै डा. बीआर अम्बेडकर, डा. राजेन्द्र प्रसाद र संविधान सभाका धेरै महिला सदस्यहरूको स्मरण गर्नुभयो।

**राष्ट्रपति द्रौपदी मुर्मु- संविधान**

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभएको छ -, "भारतको संविधान देशको राष्ट्रिय महाकाव्य हो र यसका प्रावधानहरूको पालना गर्नु सबैको कर्तव्य हो। सर्वोच्च न्यायालयले आज राजधानी नयाँ दिल्लीमा आयोजना गरेको संविधान दिवस समारोहलाई सम्बोधन

गर्नुहुदै राष्ट्रपति मुर्मुले यस्टो मन्तब्य पोख्नु भएको हो । उहाँले बालबालिकाहरुलाई पनि संविधानप्रति सचेत गराउनुपर्ने कुरामा जोड दिनुभएको छ l

## भारतीय विशिष्ट पहचान प्राधिकरण -आधार डेटाबेस

भारतीय विशिष्ट पहिचान प्राधिकरणले आधार डाटाबेसको निरन्तर सटीकता कायम राख्न राष्ट्रव्यापी अभियानको एक भागको रूपमा दुई करोड भन्दा अधिक मृतक व्यक्तिहरूको आधार नम्बर निष्क्रिय गरेको छ। इलेक्ट्रोनिक्स र सूचना प्रौद्योगिकी मन्त्रालयले भनेको छ ,- प्राधिकरणले यो डाटा भारतको महापंजीयक, राज्य र केन्द्र शासित प्रदेशहरूबाट प्राप्त गरेको छ। मन्त्रालयले भनेको छ, 'कुनै पनि व्यक्तिलाई आधार नम्बर पुनः आवन्टन गरिने छैन। मन्त्रालयले भनेको अझ भनेको छ - कुनै व्यक्तिको मृत्यु भएको अवस्थामा, कल्याणकारी योजनाहरूको लाभ लिनको लागि सम्भावित पहिचान वा यस्तो आधार नम्बरको अनधिकृत उपयोगलाई रोक्नको लागि व्यक्तिको आधार नम्बरलाई निष्क्रिय गर्नु आवश्यक छ। यसैबीच, प्राधिकरणले आधार नम्बर धारकहरूलाई मृत्यु पंजीकरण अधिकारीहरूबाट मृत्यु प्रमाणपत्र प्राप्त गरेपछि माई आधार पोर्टलमा आफ्नो परिवारका सदस्यहरूको मृत्युको रिपोर्ट गर्न भनेको छ। प्राधिकरणले यस वर्षको शुरुमा २५ राज्य र केन्द्र शासित प्रदेशहरूमा नागरिक पंजीकरण प्रणाली प्रयोग गरेर पंजीकरण भएका मृत्युका लागि माईआधार पोर्टलमा 'परिवारको सदस्यको मृत्युको सूचना' नामक सुविधा शुरू गरेको थियो।

## रक्षा मंत्रालय -तीन प्रतियोगिता

रक्षा मन्त्रालयले आगामी बर्ष गणतन्त्र दिवस समारोहको अघि माईगभ सँगको सहयोगमा प्रत्येक नागरिक, विशेष गरी विद्यार्थीहरु र युवा कलाकारहरूका लागि देशभक्ति र राष्ट्रप्रतिको सम्मान प्रदर्शित गर्न हेतु तीन प्रतियोगिताहरू शुरु गरेको छ। यी प्रतियोगिताहरूमा चित्रकला, निबन्ध, गायन र प्रश्नोत्तरी प्रतियोगिताहरू समावेश छन्। आत्मनिर्भरता, नवीनता र सतत विकासको दिशामा देशको यात्रालाई चित्रण गर्ने उत्कृष्ट कृतिहरू सिर्जना गर्न कलाकारहरूलाई मन्त्रालयले आमन्त्रण गरेको छ। उत्कृष्ट प्रविष्टिहरू एक विशेष प्रदर्शनीमा प्रदर्शित गरिनेछ।

## दार्जिलिङ -लोकसभा सांसद-कालेबुंग -बैठक

दार्जिलिङका लोकसभा सांसद तथा भाजपा राष्ट्रिय प्रवक्ता राजु विष्टले आज कालेबुंगमा राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड (NHIDCL) का अधिकारीहरू, राष्ट्रिय राजमार्ग -७१७ र राष्ट्रिय राजमार्ग -१० का प्रभारी, राष्ट्रिय जलविद्युत ऊर्जा निगम (NHPC) का अधिकारीहरू र भारतीय रेलवे निर्माण अन्तर्राष्ट्रिय लिमिटेड (IRCON) का अधिकारीहरूसँग बहु-एजेन्सी समीक्षा बैठक गर्नुभयो l उहाँले बर्तमान चलिरहेका परियोजनाहरूमा भएको प्रगति र तिनीहरूलाई पूरा गर्न सामना गर्नुपर्ने चुनौतीहरूको बारेमा चर्चा गर्नुभयो । गत मनसुन र अक्टोबरदेखि, भारी वर्षाले क्षेत्रका धेरै सडकहरूमा, विशेष गरी राष्ट्रिय राजमार्ग -१० र राष्ट्रिय राजमार्ग -७१७ मा उल्लेखनीय क्षति पुर्‍याएको छ, NHIDCL ले यस क्षेत्रमा सबै मौसमी सडक निर्माण गर्न द्रुत गतिमा काम गरिरहेको छ। उनीहरूले धेरै क्षेत्रहरूमा NH-१० को स्तरोन्नति र चौडा पार्न टेन्डरहरू जारी गरिसकेका छन्। ढलान स्थिरीकरण कार्य पनि द्रुत गतिमा अगाडि बढिरहेको छ। यसका साथै, NH-१० को लागि नयाँ ग्रीनफिल्ड सडक विकल्पको जाँच गर्न सम्भाव्यता अध्ययन भइरहेको छ, र अध्ययन पूरा भएपछि, तिनीहरू कामको अर्को चरणमा अगाडि बढ्नेछन्। NHPC का अधिकारीहरूले सांसदलाई जानकारी दिदै भने विगत नौ देखि दश वर्षमा, उनीहरूले स्थानीय समुदायहरूलाई सहयोग गर्न स्थानीय क्षेत्र विकास कोष, कर्पोरेट सामाजिक उत्तरदायित्व कार्यक्रमहरू, र नदी संरक्षण र तटबन्ध परियोजनाहरूमा १२६ करोड रुपियाँ भन्दा अधिक खर्च गरेका छन्। सांसद श्री बिष्टले जनतासँग जानकारी साझा गर्न सकून् भनेर परियोजनाहरूको विवरण अनुरोध गर्नुभएको छ । इरकन ले सेभोके-राङ्पो रेलवे लाइनको ८५% काम पूरा भएको र निरन्तर प्रगति भइरहेको बताएको छ। सांसदले चलिरहेको परियोजनाका कारण स्थानीय गाउँ र समुदायले सामना गरिरहेका विभिन्न समस्याहरू पनि बैठकमा उठाउनु भएको छ ।

## आईजीजेएफ- जिल्लाधिकारीसंग भेट

पैह्रो पिडितहरुको घर निर्माणको राशी सूची सर्वजनिक गर्ने मांग गर्दै आज इन्डियन गोर्खा जनशक्ति फ्रन्ट को एक प्रतिनिधि टोलिले जिल्लापाल मनिष मिश्र सित भेट गरेका छ ।जिल्लापाल मनिष मिश्रसित भेट गर्दै प्रतिनिधि टोलिले गत 4 अक्टोबर 2025

को दिन दार्जीलिंग पहाडको बिभिन्न स्थानहरुमा गएको विनाशकारी पैह्रोले धेरैको ज्यान गएको तथा धेरै परिवारहरू बेघर भएको घटनाबारे अवगत गराईएको छ। टोलीले मृतकका परिवारहरूलाई सरकारले आर्थिक सहयोग प्रदान गरी सकेको तथा घर विहिन परिवारहरूलाई सरकारले घर निर्माण को लागी योजना को घोषणा गरी सकेता पनि आज सम्म पिडित परिवारहरू कतिले सहयोग नपाएको जानकारी आईजीजेएफ केन्द्रीय कार्यकारी सदस्य तथा जीटीएको निर्वाचित सभासद रोवर्ड छेत्री अनि केन्द्रीय कार्यकारी सदस्य तथा नगरपार्षद गोपाल परियारले जिल्लापाल लाई जानकारी दिनुभएको छ।जिल्लाधिकारी मनिष मिश्र ले प्रतिनिधि टोलिको मांगलाई साकारात्मक रूपमा लिदै पिडितहरुलाई न्याय दिने आश्वासन दिनुभएको छ ।

**पश्चिम बंगाल - मुख्य निर्वाचन अधिकारी -बीएलओ**

केन्द्रीय निर्वाचन आयोगले कोलकाताका पुलिस आयुक्त मनोज कुमार वर्मालाई पश्चिम बंगालको मुख्य निर्वाचन अधिकारीको कार्यालय बाहिर बुथ-स्तरीय अधिकारीहरू (बीएलओ) को कार्यसम्पादनलाई गम्भीर सुरक्षा चूक भन्दै ४८ घण्टाभित्र विस्तृत रिपोर्ट पेश गर्न भनेको छ। आयोगले आज पठाएको पत्रमा प्रमुख कार्यकारी अधिकारीको कार्यालयमा विद्यमान सुरक्षा व्यवस्था परिस्थितिलाई सम्हाल्न अपर्याप्त देखिएको स्पष्ट पारेको छ।

***********